## कार्यपालिका बैठक न.१६

आज मिति २०८०।०४।३० गतेका दिन बिहान ८ बजे यस कटारी नगरपालिकाका नगर प्रमुख श्री राजेश चन्द्र श्रेष्ठज्यूको अध्यक्षतामा तपशिलको कार्यपालिका सदस्यहरुको उपस्थितिमा विविध विषयमा छलफल गर्नका लागि नगर कार्यपालिकाको बैठक बस्यो ।

उपस्थितिः

| क्र.सं. | पदाधिकारी तथा कर्मचारीहरुको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | राजेशचन्द्र श्रेष्ठ | नगर प्रमुख | |
| २ | गिता खड्का | नगर उप प्रमुख | |
| ३ | पदम लाल मगर | १ नं. वडाध्यक्ष | |
| ४ | प्रेम बहादुर क्षेत्री | २ नं. वडाध्यक्ष | |
| ५ | पुष्कर खड्का | ३ नं. वडाध्यक्ष | |
| ६ | भुपेन्द्र सिंह तामाङ्ग | ४ नं. वडाध्यक्ष | |
| ७ | मोहन बहादुर तामाङ्ग | ५ नं. वडाध्यक्ष | |
| ८ | प्रेम बहादुर मगर | ६ नं. वडाध्यक्ष | |
| ९ | सुविन ढुङ्गाना | ७ नं. वडाध्यक्ष | |
| १० | नविन्द्र कुमार तामाङ्ग | ८ नं. वडाध्यक्ष | |
| ११ | बेग बहादुर आले मगर | ९ नं. वडाध्यक्ष | |
| १२ | क्षेत्र बहादुर खड्का | १० नं. वडाध्यक्ष | |
| १३ | अनन्त हायु | ११ नं. वडाध्यक्ष | |
| १४ | यम्बर बहादुर कटुवाल | १२ नं. वडाध्यक्ष | |
| १५ | शम्भु श्रेष्ठ | १३ नं. वडाध्यक्ष | |
| १६ | अम्बर बहादुर मगर | १४ नं. वडाध्यक्ष | |
| १७ | देवी कुमारी घिमिरे | कार्यपालिका सदस्य | |
| १८ | भगवती अधिकारी | कार्यपालिका सदस्य | |
| १९ | मेलिना श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २० | गिता कुमारी गिरी | कार्यपालिका सदस्य | |
| २१ | सम्झना मुरी मगर | कार्यपालिका सदस्य | |
| २२ | हेम कुमारी वि.क. | कार्यपालिका सदस्य | |
| २३ | मन्जु कुमारी राई दनुवार | कार्यपालिका सदस्य | |
| २४ | जितेन्द्र बराईली | कार्यपालिका सदस्य | |
| २५ | अनिल किराती | प्रमुख प्रशासकीय अधिकृत | |
| २६ | टामन सिग्देल | प्रशासन शाखा प्रमुख | |
| २७ | रोशन कार्की | सूचना प्रविधि अधिकृत | |
| २८ | माधवराज जोशी | लेखा सहायक | |
| २९ | डोरनिधि सुवेदी | लेखापाल | |

## मिति २०८०/५/३० गते बसेको कटारी नगर कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरु

### प्रस्तावहरु

१. श्रम स्वीकृति सेवा दस्तुर निर्धारण सम्बन्धमा ।
२. ल्यान्डफिल्ड साइट व्यवस्थापन सम्बन्धमा।
३. सी.सी. टि.भी. सम्बन्धमा।
४. मेडपा कार्यक्रम लागत सहभागीता सम्बन्धमा ।
५. TDF सँगको सम्झौता सम्बन्धमा।
६. साना विकास कार्यक्रम सम्बन्धमा।
७. आर्थिक सहयोग सम्बन्धमा।
८. बालरोग विशेषज्ञ सम्बन्धमा।
९. नगर खेलकुदको बजेट सम्बन्धमा ।
१०.विविध ।

### निर्णयहरु

१. श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (बैदेशिक रोजगार व्यवस्थापन शाखा) वैदेशिक रोजगरमा जाने नेपाली नागरिकले अनिवार्य रुपमा श्रम स्वीकृति गर्नुपर्ने प्रावधान बमोजिम उक्त कार्य स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रवाट सेवा प्रधान गर्दा वैदेशिक रोजगार कार्यालयको सूचना पाटीमा टाँस गरे अनुसार अनलाइन फारम भर्न सहजीकरण गर्दा लिन पाउने शुलेकको प्रावधान बमोजिम श्रम स्वीकृतिका लागि न्यूनतम तपशिल बमोजिमको सेवा दस्तुर निर्धारण गर्ने ।

**तपशिल**

कटारी न.पा.का बासिन्दाका लागि रु. ३००।-
अन्य पालिकाका बासिन्दाका लागि रु. ५००।-

२. कटारी नगरपालिकाको वडा न. ३ मा रहेको ल्यान्डफिल्ड साइटको दीर्घकालीन व्यवस्थापनको लागि देहाय बमोजिम गर्ने ।

- ल्यान्डफिल्ड साइटमा थुप्रिने फोहोरमैलालाई दैनिक रुपमा छुटयाउन नगरबाट २ जना कर्मचारी डोरहाजिरिमा राख्रे प्रक्रिया अगाडि बढाउने।
- ल्यान्डफिल्ड साइटमा थुप्रिएको फोहोरलाई पुर्नको लागि खाल्डो आवश्यक परेकोले प्राविधिक स्टिमेट गरी सोही अनुसारको अल्या शीर्षकबाट बजेटको व्यवस्थापन गर्ने।
- कटारी नगरपालिकाको वडा नं. ०३ स्थित ल्याडफिल्ड साईटमा फोहोरमैला व्यवस्थापनका लागि रु.१२ लाख रकम विनियोजन गर्ने र उक्त स्थानको टोल विकास संस्थासँग सम्झौता गरी फोहोरमैला व्यवस्थापनको जिम्मेवारी दिने ।

प्रमुख प्रशासकीय अधिकृत

श्रोतः अ.ल्या.

३. कटारी नगरपालिका वडा नं. ३ र ४ को विभिन्न स्थानमा सञ्चालनमा रहेको सि.सि. क्यामरा अविरल वर्षाका कारण विग्रन गएको हुदाँ ईलाका प्रहरी कार्यालयसँग आश्यक समन्वय गरी उक्त सि.सि. क्यामरा मर्मत तथा आवश्यकता अनुसार थप गर्न बजेटको व्यवस्थापन गर्ने ।
श्रोतःस्थानीय सुरक्षा निकाय सहयोग कार्यक्रम

४। गरिबी निवारणका लागि लगु उद्यम विकास कार्यक्रम सञ्चालनका लागि चालू आ.व. २०८०/८१ मा पठाइएको शसर्त बजेट न्यून रहेको हुदाँ स्थानीय स्तरमा रोजगारी तथा स्वरोजगारीका अवसरहरु श्रृजना गर्न लगु उद्यम विकास (मेडपा) कार्यक्रमले महत्वपूर्ण भूमिका खेलेको हुनाले उक्त कार्यक्रम सञ्चालनका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको अनुरोध बमोजिम लागत सहभागिता गर्ने ।

५। कटारी नगरपालिकामा निर्माण हुने कटारी बस पार्कको अन्तिम DPR तयार भएकोले नगर विकास कोषबाट ऋण लिने प्रक्रिया अघि बढाउन आवश्यक कागजात सहित पठाउने ।

६। साना विकास परियोजना(Small Development Project-SDP) अन्तर्गत तपसिल बमोजिमका आयोजना छनौट गरी पठाउने साथै यस कटारी नगरपालिकाद्वारा पठाएका आयोजना छनौटमा परेमा २०% लागत सहभागिता प्रतिवद्धता समेत गर्ने ।

<u>तपसिल</u>

- सामुदायिक विद्यालय भवनः
  - श्री दिपेन्द्र माध्यमिक विद्यालय,कटारी न.पा. ०६
  - श्री मयांखु माध्यमिक विद्यालय, कटारी न.पा. १३
  - श्री सोरुङ माध्यमिक विद्यालय, कटारी न.पा. १०
  - श्री सरस्वती माध्यमिक विद्यालय, कटारी न.पा. ५
- स्वास्थ्यः
  - स्वास्थ्य चौकी भवन, कटारी न.पा. ०९
  - रक्त सञ्चार केन्द्र निर्माण, कटारी न.पा. ०४
- फोहोरमैला व्यवस्थापन
  - ल्याण्डफिल्ड साईट निर्माण, कटारी न.पा. ०३
- कृषि पूर्वाधार निर्माण
  - शित भण्डार तथा कृषि प्रवर्द्धन केन्द्र निर्माण परियोजना, कटारी न.पा. ११

७. विभिन्न मितिमा दर्ता भएका आर्थिक सहयोगको निवेदनहरु मध्ये तपसिल बमोजिमको व्यक्ति/संस्थाहरुलाई अन्य समाजिक सहयता शीर्षकवाट खर्च लेख्ने निर्णय गरियो।

| सि. नं. | व्यक्ति/संस्थाको नाम | वडा नं. | कारण | रकम (रु.) |
|---|---|---|---|---|

नगर कार्यपालिकाको कार्यालय कटारी, उदयपुर कोशी प्रदेश, नेपाल २०७४

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| १ | श्याम बहादुर माझी | ५ | मानसिक असन्तुलन तथा आर्थिक विपन्नता | ५००० |
| २ | राजन सार्की | ५ | आखाँमा चोट तथा आर्थिक विपन्नता | ५००० |
| ३ | अमृत बहादुर कामी | ५ | अल्सर तथा आर्थिक विपन्नता | ४००० |
| ४ | जितेन्द्र अधिकारी | ३ | अत्याधिक रक्तश्राव तथा आर्थिक विपन्नता | ४००० |
| ५ | वबिता परियार | ५ | टाउकोमा चोट तथा आर्थिक विपन्नता | ५००० |
| ६ | मोतिया कुमर | २ | खुट्टामा चोट तथा आर्थिक विपन्नता | ४००० |
| ७ | पुन्न माया कार्की | ५ | प्यारालाइसिस तथा आर्थिक विपन्नता | ६००० |
| ८ | हस्त बहादुर पुलामी मगर | ८ | मृगौलाले फेल तथा आर्थिक विपन्नता | ६००० |
| ९ | विर बहादुर विश्वकर्मा | ६ | घुडामुनि दाहिने खुट्टा काटिएको, कान नसुन्ने र आर्थिक विपन्नता | ८००० |
| १० | जय प्रसाद खतिवडा | १० | पित्त थैलीमा समस्या आई अप्रेसन गरेको/पिसाब थैलीमा समस्या र आर्थिक विपन्नता | ८००० |
| ११ | क्षेत्र कुमारी केप्छाकी मगर | ११ | Brain Tumor तथा आर्थिक विपन्नता | ८००० |
| १२ | अमर मंगराती | ३ | एपेन्डी साईड अप्रेशन तथा आर्थिक विपन्नता | ५००० |
| १३ | अशोक बहादुर तामाङ | ५ | रुखबाट लडेर गम्भिर घाईते भएकोले उपचार गर्नुपर्ने र आर्थिक विपन्नता | ५००० |
| १४ | बेद कुमारी बस्नेत | ६ | दुर्घटनामा परेको हुँदा उपचार खर्च र आर्थिक विपन्नता | १०००० |
| १५ | केशर माया तामाङ्ग | ७ | आर्थिक अवस्था अत्यन्तै दहनिय तथा साहारा नभएको | १०००० |
| १६ | देव नारायण श्रेष्ठ | १० | हात भाचिएको | १०००० |
| १७ | पवित्रा तामाङ्ग | ४ | उपचार खर्च तथा आर्थिक विपन्नता | ५००० |
| १८ | सुस्मिता अधिकारी | ३ | काजक्रिया खर्चा (श्रीमानको मृत्यु) | ७००० |
| १९ | बुधमाया तामाङ्ग | ७ | खुट्टा भाचिएको/ आर्थिक विपन्नता | ५००० |
| २० | अनिशा वि.क. | ७ | मोतीबिन्दुको अप्रेशन /आर्थिक कमजोर | ७००० |
| २१ | केशर बहादुर परियार | ४ | हृदयघात/ आर्थिक अवस्था कमजोर | ८००० |
| २२ | मोहन बहादुर माझी | २ | नदी पुजा | १०००० |

८. कटारी नगरपालिका अन्तर्गत रहेको कटारी अस्पतालमा रिक्त रहेको बालरोग विशेषज्ञ (नवौं तह) पदमा करार सेवा मार्फत पदपूर्ति भएको हुँदा उक्त पदमा नियुक्त हुनुभएका डा. श्री नारायण यादव नियुक्ति अनुमोदन गरी प्रचलित कानुनमा तोकिए बमोजिम सेवा सुविधा उपलब्ध गराउने ।

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७१

९. नगरसभाबाट खेलकुद कार्यक्रमका लागि विनियोजित रकम रु. २५ लाख मध्ये तपसिल अनुसार रकम विनियोजित गरी नगर खेलकुद विकास समितिलाई कार्यक्रम सञ्चालनका लागि स्वीकृति दिने ।

**तपसिल**

| सि.नं. | कार्यक्रमको विवरण | विनियोजित बजेट | कै. |
|---|---|---|---|
| १ | मेयर कप फुटबल प्रतियोगिता | ६६०,०००/- | |
| २ | व्याटमिन्टन प्रतियोगिता | ४,००,०००/- | |
| ३ | तेक्वान्दो प्रतियोगिता | ४,००,०००/- | |
| ४ | कराते प्रतियोगिता | १,००,०००/- | |
| ५ | भलिबल प्रतियोगिता | १,५०,०००/- | |
| ६ | रग्वी प्रतियोगिता | ६०,०००/- | |
| ७ | बास्केटबल प्रतियोगिता | ८०,०००/- | |
| ८ | कार्यालय व्यवस्थापन | १,००,०००/- | |
| | जम्मा | २०,००,०००/- | |

१०.विविध

क) यस कटारी नगरपालिकाद्वारा आव्हान गरिएको बोलपत्र (KM/Udaypur /W/NCB /10/ 079/080) को धरौटी बापतको रकम रु. १,६०,०००/- एल.एन.वि. कन्ट्रक्सन प्रा.लि., कटारी न.पा.-०३, उदयपुरले न.पा.को धरौटी खातामा जम्मा गर्नुपर्नेमा राजश्व खातामा जम्मा गरेको हुँदा उक्त रकम फिर्ता गर्ने ।

ख) सितेरियो कराते प्रगति डो.जो., कटारी नगरपालिकालाई ०९ औं इण्डो नेपाल कराते च्याम्पियनसिपको लागि कटारी नगरपालिकाको तर्फबाट सहभागी हुन आवश्यक व्यवस्थापन वापत रु. ३०,०००/-(तीस हजार रुपैयाँ मात्र) उपलब्ध गराउने ।
श्रोतः विविध

ग) कटारी नगरपालिका अन्तर्गत कटारी आधारभूत अस्पतालको स्वीकृत दरबन्दी तेरिज अनुसार कार्यालय सहयोगी पदमा रिक्त रहेको पदसंख्याः ०२(दुई) मा पदपूर्तिको प्रक्रिया अघि बढाउने ।

घ) नगरपालिकाको धरौटी खातामा जम्मा भई स्रोत वा जम्मा गर्ने व्यक्ति/फर्म पहिचान नभएको रकम रु. १६,९९,८१८.६५(सोह्र लाख उनान्सय हजार आठ सय अठार रुपैयाँ र पैसठ्ठी पैसा मात्र) सदरस्याहा गर्ने ।

ङ) नगर शिक्षा समितिको मिति २०८०/०३/२० गतेको निर्णय बमोजिम श्री दिपेन्द्र मा.वि., कटारी न.पा - ०६, उदयपुर र आधरभूत विद्यालय, भण्टाबारीको विद्यालय भवनको

(प्रमुख प्रशासकीय अधिकृत)

जस्तापाता जीर्ण भएको हुँदा कर्कट पाता खरिद गर्नका लागि दुईवटा विद्यालयलाई रु. २,००,०००/-(दुई लाख मात्र) का दरले रकम विनियोजन गर्ने ।
श्रोतः जिम्मेवारी सरी आउने भूक्तानी शीर्षक

च) कटारी नगरपालिका वडा नं.११ स्थित निर्माण सम्पन्न भएको स्वास्थ्यको भवनमा महाभारत आधारभूत स्वास्थ्य केन्द्र स्थापना गर्ने र सोको अभिलेख माथिल्लो निकायमा जानकारी गराउने ।

छ) यस कटारी नगरपालिका क्षेत्रभित्र रहेको ईलाका प्रहरी कार्यालय तथा प्रहरी चौकीहरुलाई मासिक रुपमा ईन्धन सहयोग गर्ने साथै आउँदै गरेको वडा दशैको उपलक्ष्यमा प्रहरीद्वारा गर्ने मौलोपूजाका लागि सशस्त्र प्रहरी बल र ईलाका प्रहरी कार्यालयलाई १५/१५ हजार र प्रहरी चौकीहरुलाई १० हजारको दरले आर्थिक सहायता गर्ने । श्रोतःविविध

ज) यस कटारी नगरपालिका अन्तर्गत नगर कार्यपालिकाको कार्यालय, स्वास्थ्य चौकी, वडा कार्यालयहरु र कटारी अस्पतालमा रहेका काम नलाग्ने जिन्सी सामग्रीहरु प्रचलित खरिद कानून बमोजिम लिलामीको प्रक्रिया अघि बढाउने ।

झ) हाल कटारी नगरपालिकामा रहेका मोटर साईकलहरु प्रत्येक वडा कार्यालयहरुमा एक वटाको दरले उपलब्ध गराई वडा कार्यालमा वडा सचिवको जिम्मामा रहने गरी वडामा खटिने प्राविधिक कर्मचारी(कृषि/पशु/ईञ्जिनियरिङ्ग)हरुले वडा कार्यालयमा लगबुक भरी आवश्यकता अनुसार प्रयोग गर्ने व्यवस्था मिलाउने साथै बाँकी मोटरसाईकल तथा स्कुटर नगर कार्यपालिकाको कार्यालयमा नगर कामकाजको प्रयोजनका लागि सञ्चालन गर्ने ।

ञ) सितोरियो करौंते प्रगती डोजो, कटारी नगरपालिकालाई ११ थान ट्रयाकसुट खरिद गरी उपलब्ध गराउने ।
श्रोतः खेलकुद कार्यक्रम

ट) मिति २०८०/४/१५ मा श्री उच्च अदालत विराटनगरमा उत्प्रेषण परमादेश समेत (079-wo-479) र (079-Wo-480) मुद्दामा बहस पैरवी तथा तारेख लगायतका कार्यका लागि भएको खर्च रु.९०,०००/-(नब्बे हजार मात्र) सम्बन्धित कानून व्यवसायी तथा फर्मलाई भुक्तानी गर्ने ।
श्रोतः सेवा परामर्श

ठ) यस कटारी नगरपालिकामा दक्षिण एसियाली महासंघ (साफ) अन्डर-१९ पुरुष फुटबल खेलाडी छनौटको क्रममा भएको खर्च रु. २०,०००/- उपलब्ध गराउने ।
श्रोतः खेलकुद कार्यक्रम

ड) विपद व्यवस्थापन समितिको मिति २०८०/४/१५ र २०८०/५/२९ गते बसेको बैठकको निर्णय अनुमोदन गर्ने ।

कटारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कटारी, उदयपुर कोशी प्रदेश, नेपाल २०७१

प्रमुख प्रशासकीय अधिकृत

ढ) अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन, प्रदेश कमिटी, कोशी प्रदेशलाई रु. १० हजार आर्थिक सहयोग उपलब्ध गराउने ।

श्रोतः विविध

ण) अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन, क्याम्पस कमिटी, प्राकृतिक स्रोत व्यवस्थापन कलेज कटारीलाई रु. १० हजार आर्थिक सहयोग उपलब्ध गराउने ।

श्रोतः विविध

त) कटारी नगरपालिका वडा नं. ०६ स्थित प्रेसविटिएन चर्चको मर्मत संभारका लागि प्रेसविटिएन चर्च मर्मत संभार शीर्षकमा रु. २,५०,०००/- रकम विनियोजन गर्ने । श्रोतः उपमेयरसँग नगर विकास कार्यक्रम